नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................शाखा)

फोन नं. ४२६२७९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।


प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

मिति : २०८१/०४/०४

**विषय :- विज्ञप्ति**

विस्तारित अस्पताल सेवा प्रदान नगरेका संघीय अस्पतालहरुले विस्तारित अस्पताल सेवा कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७७ बमोजिम सेवा यथाशिघ्र सुरु गर्न गराउनुहुन र सो सेवा संचालन गरेपश्चात मन्त्रालयलाई जानकारी गराउन अनुरोध छ। सो कार्यविधिको ढाँचा यस मन्त्रालयको वेभसाइटबाट डाउनलोड गर्न सकिने जानकारी यसै विज्ञप्ति मार्फत गराउदछौं। मिति २०८१ साउन ३ गते साँझ यस मन्त्रालय र उपत्यकाका संघीय अस्पतालहरुबीच भएको छलफलका बुंदाहरु यस मन्त्रालयले सम्बोधन गरि सो कार्यविधिमा उपयुक्त परिमार्जन गर्ने जानकारी गराउदछौं ।

डा. प्रकाश बुढाथोकी

प्रवक्ता

प्रवक्ता

# विस्तारित अस्पताल सेवा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७७

प्रस्तावनाः गुणस्तरीय स्वास्थ्य सेवा छिटो छरितो र मितब्ययी रुपमा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, आर्थिक जोखिम न्युनिकरण गर्न तथा स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच अभिबृद्धि गर्न बान्छनिय देखिएकाले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३१ को उपदफा (१) र (२) अनुसार सोहि ऐनको दफा ६४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "विस्तारित अस्पताल सेवा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(१) समिति भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(२) कोष भन्नाले दफा ६ बमोजिम संकलित रकम सम्झनु पर्दछ ।

(३) विस्तारित अस्पताल सेवा (Extended Health Service) भन्नाले अस्पतालको नियमित समय बाहेकको अतिरिक्त समयमा प्रदान गरिने सेवालाई सम्झनु पर्दछ ।

परिच्छेद २

विस्तारित अस्पताल सेवा कार्यक्रम

३. कार्यक्रम संचालन गर्ने विधिः (१) यो कार्यक्रम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशनमा संघीय सरकारी अस्पतालहरूमा चरणबद्ध रूपमा लागू हुनेछ । प्रदेश तथा स्थानीय तहले आफ्नो मातहतका अस्पतालहरूमा यो कार्यविधि अनुसार कार्यक्रम संचालन गर्न सक्नेछन्।

(२) यो कार्यक्रम सामुदायिक र सहकारी अस्पतालहरूमा समेत लागू गर्न सकिनेछ ।

(३) सेवा शुल्क सम्बन्धमा चिकित्सकीय परामर्श शुल्क नेपाल सरकारले तोके बमोजिम र अन्य सेवा शुल्क अस्पतालको नियमित सेवा शुल्कमा बढीमा दुई सय प्रतिशत सम्म हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

०७७/०५/२३

(४) सेवाको लिष्ट तयार गरि सेवाग्राहीले स्पष्ट बुझ्नेगरि प्राप्त गर्ने सेवा, सेवाउपयोग गरे वापत बुझाउनु पर्ने शुल्क लगायतका बिषय देखिने स्थानमा राख्नु पर्नेछ ।

४. <u>कार्यक्रम संचालन समितिको गठन</u>: कार्यक्रमको काम कारवाहीलाई नियमित र ब्यबस्थित गर्नका लागि देहायको एक कार्यक्रम सञ्चालन समिति गठन गरिनेछ:

(क) अस्पताल प्रमुख - अध्यक्ष

(ख) अस्पतालको प्रशासन प्रमुख - सदस्य

(ग) अस्पतालको लेखा प्रमुख - सदस्य

(घ) अस्पतालको नर्सिङ प्रमुख - सदस्य

(ङ) स्वास्थ्यकर्मीहरु मध्येबाट अस्पताल प्रमुखद्वारा सिफारिस एक जना - सदस्य-सचिव

५. <u>समितिको काम, कर्तब्य र अधिकार</u>: समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यन्वयन गर्ने गराउने,

(ख) कोषको व्यवस्थापन गर्ने,

(ग) अस्पतालको भौतिक पूर्वाधार औजार उपकरण लगायत व्यवस्थापन गर्ने,

(घ) सेवा प्रदायक जनशक्तिको कामकारवाहीको अनुगमन, नियमन र मुल्याङ्कन गर्ने।

(ङ) सेवाग्राहीको सुझाव, उजुरी, गुनासो सुनुवाइ तथा सुरक्षा र समस्या समाधानको लागि आवश्यक कार्य गर्ने ।

(च) समितिको बैठक महिनाको एक पटक बस्नेछ ।

६. <u>कोषको ब्यबस्था</u>: सेवा संचालन वापत संकलित रकमलाई अस्पतालको छुट्टै कोषमा राखिनेछ ।यसको संचालन अस्पताल प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

७. <u>श्रोतको बाडफाड</u>: प्रत्यक्ष खर्च कटाएर आम्दानीको २० प्रतिशत रकम अस्पताल विकास समितिमा छुट्याई बाँकी ८० प्रतिशत लाई १०० प्रतिशत मानी चिकित्सक र अन्य स्वास्थ्यकर्मीहरुलाई (Including Prescriber) ९०प्रतिशत र लेखा, प्रशासन, स्टोर, काउण्टर, मेडिकल रेकर्डर, वायोमेडिकल, सरसफाई लगायतका कर्मचारीलाई १० प्रतिशत उपलब्ध गराउने।

८. <u>बिबिध</u>: यो कार्यविधिको ब्याख्या स्वास्थ्य तथा जनसंख्याले गर्नेछ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं